**प्रमाणीकरण मिति:- २०७७/०७/२७**

# स्थानीय राजपत्र

स्थानीय सरकारद्वारा प्रकाशित

खण्डः २ संख्याः १७ अभिलेखीकरण मितिः २०८३/०३/०८

## भाग-२

## भीमफेदी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन बमोजिम भीमफेदी गाउँपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## संवत् २०८३ सालको अनुदान कार्यक्रम सम्बन्धी मापदण्ड-१७

# बोयर जातको बोका/बाख्रा वितरण अनुदान कार्यक्रम सम्बन्धी मापदण्ड, २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७/०७/२७

**प्रस्तावना**

भीमफेदी गाउँपालिकाको क्षेत्र भित्र बसोबास गर्ने निजी कृषकहरुले पालिआएका बोका बाख्रा परम्परागत निर्वाहमुखी व्यवसायलाई सुधार गरी व्यवसायिक बाख्रापालन तर्फ अग्रसर गराउने उद्देश्यले बाख्रापालनका लागि अनुदान स्वरुप उन्नत नश्लका बोयर जातको बोका/बाख्रा वितरण गरी बाख्राको नश्ल सुधार तथा उत्पादनमा वृद्धि गराई कृषकहरुको आर्थिक अवस्था सुदृढ गरि मासुमा आत्मनिर्भर गराउन यो बोयर जातको बोका/बाख्रा वितरण अनुदान कार्यक्रम संचालन तथा व्यवस्थापन गर्न वान्छनिय

भएकोले भीमफेदी गाउँपालिकाले यो मापदण्ड बनाई लागु गरेको छ । यो मापदण्ड आ.व.२०७७ को स्वीकृत वार्षिक कार्यक्रम बोयर जातको बोका/बाख्रा वितरण कार्यक्रम शिर्षक नं ३११३१ क्षेत्र आर्थिक विकास उपक्षेत्र पशुपंक्षी विकासको कार्यान्वयनका लागि तयार पारिएको छ ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः-**

क) यस मापदण्डको नाम **बोयर जातको बोका/बाख्रा वितरण अनुदान कार्यक्रम संचालन तथा व्यवस्थापन मापदण्ड, २०७७"** रहनेछ ।

ख) यो कार्यविधि भीमफेदी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा**

**क. "बोयर जातको बोका/बाख्रा वितरण अनुदान कार्यक्रम"** भन्नाले भीमफेदी गाउँपालिका भित्रका कृषक, कृषक समूह, कृषि सहकारी, निजी फर्महरुलाई बोयर जातको बोका/बाख्रा गाउँपालिकाद्वारा वितरण गर्ने जनाउदछ ।

**ख. "कार्यालय"** भन्नाले भीमफेदी गाउँकार्यपालिकाको कार्यालय जनाउँदछ ।

**ग. "कार्यपालिका"** भन्नाले भीमफेदी गाउँपालिकाको गाउँ कार्यपालिकालाई जनाउँछ ।

**घ. "आर्थिक विकास समिति "** भन्नाले भीमफेदी गाउँपालिकाको आर्थिक विकास समिति जनाउँछ ।

**ङ. "वडा समिति"** भन्नाले भीमफेदी गाउँपालिकाकाको सम्बन्धित वडाको समिति जनाउँछ ।

**३. बजेटको व्यवस्थाः-**

भीमफेदी गाउँपालिकाको आ.व २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत

| आर्थिक वर्षः २०७७/०७८ क्षेत्रः आर्थिक विकास उपक्षेत्रः पशुपंक्षी विकास (२०८) | | | | |
|---|---|---|---|---|
| सि.नं. | कार्यक्रमको नाम | खर्च शिर्षक | विनियाजित रकम रु. | सोत |
| २० | बोयर जातको बोका/ बाख्रा वितरण | ३११३१ | २०,००,०००।- | आन्तरिक |
| जम्मा | | | २०,००,०००।- | |

३.१ बजेट खर्च विवरण :-

- विनियोजित बजेटको ५ प्रतिशत रकम प्रशासनिक कार्य र विविध कार्यका लागी खर्च गरिने छ ।
- विनियोजित बजेटको बोका खरिदका लागि ३५ प्रतिशत रकम (रु १०७६२३०।-) सम्बन्धित कृषकसँगको साझेदारमा बोयर जातको बोका/बाख्रा खरिद का लागि खर्च गरिनेछ ।

**परिच्छेद-२**

## ४. कृषक छनौट विधि

### ४.१ बोका/बाख्रा वितरण अनुदान कार्यक्रम अन्तर्गत कार्यक्रम संचालन तथा छनौट विधिः-

- बाख्रापालक कृषक भन्नाले बोका/बाख्राको संख्या हेरी तय गरिनेछ जसको लागि सम्बन्धित शाखाको प्राविधिक तथा कार्यालयले अनुगमन गर्नेछ ।
- कम्तिमा १० वटा माउ बाख्रा पालिरहेको र खोरको संरचना भएको किसान हुनुपर्छ ।
- प्रस्तावकले अनुसूची - २ बमोजिम सम्बन्धित वडा कार्यालयमा आवेदन पेश गर्नुपर्नेछ ।
- विगत २ वर्ष भित्र बोयर बोका अनुदान कुनैपनि सरकारी संस्थाबाट नलिएको कृषक हुनुपर्छ ।
- वडा कार्यालयबाट छनौट भएका कृषकहरुको नामावली गाउँपालिकामा सिफारिस सहित पेश गर्नुपर्नेछ । उक्त वडा कार्यालयबाट पेश गरिएका कृषकको नामावली सहित प्राप्त भएका विवरण गाउँपालिकाको आर्थिक विकास समितिबाट अनुमोदन गरी निर्णय गरिनेछ ।
- बोयर बोकाले आफ्नो टोलको सम्पूर्ण बाख्रापालक कृषकलाई सेवा दिनुपर्नेछ ।
- बोयर बोकाको नियमित स्वास्थ्य परिक्षण, बिमा गर्नुपर्नेछ ।
- बोयर बोका कृषकको लापरवाहीको कारणले मृत भएमा सम्बन्धित किसानबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ । बोका विरामी भएमा गाउँपालिकामा कार्यरत पशु प्राविधिकको सेवा सल्लाह लिनुपर्नेछ । बोका मरेमा प्राविधिक प्रतिवेदन, वडा समितिको निर्णय, आर्थिक विकास समितिको निर्णयको आधारमा आवश्यक कारबाही गरिनेछ ।
- सम्बन्धित किसानबाट व्यहोनु पर्ने रकम गाउँपालिकामा उपलब्ध गराउनुपर्नेछ ।
- कार्यक्रम समय सिमा भित्र सञ्चालन गर्ने प्रतिवद्धता लिखित जाहेरी गरेको हुनुपर्दछ ।
- अनुदानको विषयमा मिल्दोजुल्दो तालिम, शिक्षा आदिका प्रमाणपत्र भएकालाई पहिलो प्राथमिकता दिईनेछ ।
- आवेदन दिने म्याद सकिएपछि प्राप्त आवेदकहरुको सम्बन्धित शाखा तथा वडा कार्यालयले अनुगमन मुल्याङ्कन गरी कृषक छनौट गर्नेछ ।
- आवेदनको सुचना म्याद समाप्ती पछि पर्न आएका आवेदन माथि कुनै कारवाही हुने छैन

- बाख्रा पालेको भन्ने स्थानीय मुचुल्का वडा समितिको निर्णय सहित प्रतिवेदन पेश गर्नु पर्नेछ ।
- बाख्रा फर्मको हकमा नवीकरण, दर्ता प्रमाणपत्र, करचुक्ता, स्थायी लेखा प्रमाणपत्र र कृषक समुहको हकमा समुह दर्ता प्रमाणपत्र नवीकरण बैठक निर्णय प्रतिलिपी पेश गर्नुपर्नेछ ।

## ४.२ बोका/बाख्रा खरिद प्रक्रिया

- वडाबाट किसानको मागको आधारमा भएको सिफारिस सँख्या र आर्थिक विकास समितिबाट अनुमोदन भएको सँख्याको आधारमा खरिद गरिने बोका सँख्या निर्धारण गरिनेछ ।
- बोका/बाख्रा खरिदका लागि आवश्यक बजेट ६५ प्रतिशत भीमफेदी गाउँपालिका र ३५ प्रतिशत कृषकको लागत साझेदारीमा व्यवस्था गरिनेछ ।
- बोयर क्रस ५० प्रतिशत, ७५ प्रतिशत र ८७.५ प्रतिशत बोका/बाख्रा खरिदका लागि बोलपत्र आह्वान गरिनेछ ।
- न्युनतम दरभाउमा पेश भएका बोयर बाख्रा फार्म बाट बोलपत्रमा पेश भए बमोजिमको दररेटमा ५० प्रतिशत ७५ प्रतिशत र ८७.५ प्रतिशत को बोका/बाख्रा खरिद गरिनेछ ।
- खरिद गरिने बोयर बोका/बाख्राको जातको गुणस्तर प्रतिशत सम्बन्धित फार्मले सरकारी निकायबाट प्रमाणित गरी उपलब्ध गराउनु पर्नेछ ।
- नेपाल सरकारबाट मान्यता प्राप्त स्रोत केन्द्रको रुपमा सुचिकृत बाख्रा फर्मबाट मात्र खरिद गरिनेछ ।
- खरिद गरिने बोका/बाख्राको तौल न्युनतम २५ के.जी. र अधिकतम ४० के.जी. सम्मको हुनुपर्नेछ ।

- बोयर बाख्रा बोकाको न्युनतम दररेट कायम गर्नको लागि गाउँपालिकामा आ.व. २०७७/०७८ मा सुचिकृत बाख्रा फार्मसँग न्युनतम दररेट माग गरी प्राप्त रेटको आधारमा गाउँपालिकाको खरिद इकाईले न्युनतम दररेट कायम गरिनेछ । सोको आधारमा खरिद कार्य अगाडी बढाईनेछ ।
- विक्रेताबाट प्राप्त बोयर बोकाको गुणस्तर प्रतिशत परिक्षणको लागि निम्न बमोजिमको समिति रहनेछ सो समितिबाट सिफारिस भएका बोका वितरण गरी भुक्तानी कार्य अगाडी बढाइनेछ ।

| | |
|---|---|
| क) गाउँकार्यपालिकाको उपाध्यक्ष | संयोजक |
| ख) आर्थिक विकास समितिको संयोजक | सदस्य |
| ग) योजना शाखा प्रमुख | सदस्य |
| घ) पशु सेवा शाखा प्रमुख | सदस्य |
| ङ) स्टोर शाखा प्रमुख | सदस्य सचिव |

४.३ बोयर बोका/बाख्रा वितरण प्रक्रिया:-

- सम्बन्धित वडा समितिले कृषक छनौट गरी पशु सेवा शाखा मार्फत आर्थिक विकास समितिमा पेश गर्नेछ ।
- खरिद गरिसकेपछि बोयर बोकाको संख्याको आधारमा आर्थिक विकास समितिको निर्णय बमोजिम प्रत्येक वडामा आवश्यक बोयर बोका वितरण गरिनेछ ।
- भीमफेदी गाउँपालिकाका सम्पूर्ण वडाहरुमा वडाबाट सिफारिस गरिएको आधारमा आर्थिक विकास समितिले निर्णय गरी तोकिदिए बमोजिमको संख्यामा बोका बाख्रा वितरण गरिनेछ ।
- खरिद गरिएका बोका/बाख्राहरु छनौट भएका सम्पूर्ण कृषकहरु भेला गरी पशु सेवा शाखाबाट वितरण गरिनेछ ।
- सम्बन्धित वडा समितिबाट छनौट भएका किसानलाई गाउँपालिकाले बोयर जातको बोका/बाख्रा उपलब्ध गराउने छ ।
- बोयर बोका पाल्ने किसानले बोयर बोका प्राप्त गरिसकेपछि वोयर बोकाको नियमित स्वास्थ्य परिक्षण गर्ने, हेरविचार गर्ने, पालन पोषण गर्ने, आफ्नो समुदायको बाख्रा पालक किसानलाई सेवा उपलव्ध गराउने प्रतिवद्धता पत्रमा जायर गर्नु पर्ने छ
- बोका खरिद गर्दा कृषकले ३५ प्रतिशत र बाँकी ६५ प्रतिशत गाँउपालिकाले व्यहोर्ने छ ।
- छनौट भएका कृषकहरुले गाँउपालिकाको सुचना अनुसार बोका/बाख्रा वितरण अगावै अनिवार्य रुपमा ३५ प्रतिशत बरावर रकम भुक्तानी गर्नुपर्नेछ ।
- किसानको हकमा नागरिकता, समुहको हकमा समुहको विधान, नवीकरण दर्ता प्रमाणपत्र, निर्णय प्रतिलिपी र फर्मको हकमा नवीकरण, दर्ता प्रमाणपत्र, करचुक्ता, स्थायी लेखा प्रमाणपत्र जग्गाको लालपुर्जाको प्रतिलिपी आदी पेश गर्नुपर्नेछ ।
- हाल पालिरहेको बाख्राको र खोरको फोटो स्वयम् प्रमाणित गरी अनिवार्य पेश गनुपर्नेछ ।
- प्राप्त बोयर बोका पाल्ने, औषधी उपचार गर्ने, आफ्नो सेवा क्षेत्रका किसानलाई सेवा दिने, किसानको प्रतिवद्धता पत्र अनिवार्य पेश गनुपर्नेछ ।
- कृषकले बोका/बाख्रा प्राप्त गर्नासाथ अनिवार्य रुपमा विमा गर्नुपर्नेछ ।

**प्रमाणीकरण मिति:- २०७७/०७/२७**

## परिच्छेद ३

## विविधः

१) भीमफेदी गाउँपालिकामा बोयर जातको बोका/बाख्रा वितरण अनुदान कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था खर्च आ.व.२०७७/०७८ को स्वीकृत वार्षिक बजेटको शिर्षक नं ३११.३१ बाट भीमफेदी गाउँपालिकाले गर्नेछ ।

२) कार्यक्रमको भीमफेदी गाउँपालिकाको अधिकार प्राप्त अधिकारीबाट अनुगमन गरी वितरण हुनेछ ।

३) यो कार्यविधि कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा केहि थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

४) यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा, अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

**प्रमाणीकरण मिति:- २०७७/०७/२७**

## अनुसुचि १

भीमफेदी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय भीमफेदी, मकवानपुर

**कृषक छनौट अनुगमन चेक लिष्ट**

मितिः

१. कृषकको नाम थरः

२. ठेगानाः

३. सम्पर्क नं.:

४. बाख्रा संख्याः

५. प्रजनन् योग्य बोका संख्याः

६. पाठा पाठी संख्याः

७. हालको खोरको अवस्थाः ठिकै (    ), राम्रो (    )।

८. शिक्षाः

९. रोजगार संख्याः

१०. कार्यक्रम परेमा थप हुने रोजगार संख्याः

११. कार्यक्रम परेमा थप पालिने बाख्राको संख्याः

१२. तालिमः

१३. अन्य केहि भएः

१४. अनुगमन कर्ताको सुझाव ।

**अनुगमन गर्ने प्राविधिक**

नाम थरः

सेवा केन्द्रः

मितिः

हस्ताक्षरः

**कृषकको तर्फबाट**

नाम थरः

मितिः

हस्ताक्षरः

**प्रमाणीकरण मिति:- २०७७/०७/२७**

अनुसुचि २

भीमफेदी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भीमफेदी, मकवानपुर

**आवेदन**

मितिः

श्रीमान् वडा अध्यक्ष ज्यु,

भीमफेदी गाउँपालिका

................नं. वडा कार्यालय

........................, मकवानपुर

**विषयः अनुदान कार्यक्रममा सहभागी हुन पाँउ ।**

महोदय,

प्रस्तुत विषयमा यस भीमफेदी गाउँपालिकाको मिति.........................को प्रकाशित सुचना अनुसार बोयर जातको बोका/बाख्रा वितरण अनुदान कार्यक्रम रहेको हुदाँ उक्त कार्यक्रममा समावेश/सहभागी हुन सिफारिस पाउँ भनि यो आवेदन पेश गर्दछु ।

<u>आवेदक</u>

नामः

ठेगानाः

सम्पर्क नं.

**प्रमाणीकरण मिति:- २०७७/०७/२७**

## अनसचि ३

## प्रतिबद्धता पत्र

भीमफेदी गाउँ कार्यपालिकाको आ.ब. ०७७/०७८ बाट स्वीकृत कार्यक्रम अन्तर्गत बोयर जातको बोका/बाख्रा वितरण अनुदान कार्यक्रममा वडा नं...................को वडा समितिको मितीः........................को निर्णय अनुसार भीमफेदी गाउँपालिका वडा नं......... मा. बस्ने श्री............................................................. को छोरा म....................................... छनौट भई तपसिलका शर्तका अधिनमा रहि बोयर जातको बोका/बाख्रा व्यवसायिक बाख्रापालन गर्न मञ्जुर भई यो प्रतिबद्धता पत्र पेश गर्दछु।

तपसिल

१) मैले अनुदानबाट प्राप्त गरेको बोकाबाट आफ्नो समुदायका सम्पूर्ण कृषकहरुलाई सेवा दिनेछु । सेवा शुल्क बापत एक पटकको रु.१५०।- मात्र लिनेछु ।

२) म कम्तीमा ३ वर्ष सम्म १० माउ बाख्रा संङ्ख्या नघट्ने गरी व्यवसाय संचालन गर्नेछु ।

३) म अर्धबार्षिक रुपमा सम्बन्धित वडा कार्यालय, गाउँपालिका र पशु सेवा शाखामा अभिलेख सहित प्रतिवेदन पेश गर्नेछु ।

४) म आगामी आ.ब.मा व्यवसायिक बाख्रापालन फर्म दर्ता तथा सम्पूर्ण बाख्राहरुको बिमा अनिवार्य गर्नेछ।

५) फर्ममा पालिएका बाख्राहरु बिरामी भएमा प्राविधिक सल्लाह बमोजिम उपचार गर्नेछु।

६) कुनै पनि कारणले बोका विक्रि गर्नु पर्ने भएमा वडा कार्यालय संग सम्पर्क गर्ने छु। विक्र गर्दा को कुल मुल्यको ५० प्रतिशत बराबरको मुल्यको अर्को बोयर बोका खरिद गरी वडा कार्यालय द्वारा तोकिएको अर्को किसानलाई उपलब्ध गराउने छु ।

७) यसरी प्राप्त बोकाको नियमित पालन पोषण गर्ने, रेखदेख गर्ने, औषधि उपचार गर्ने छु। सो कार्य नगरि बोका मरेमा वा वडा कार्यालय सँग सम्पर्क नगरी बिक्रि वितरण गरेमा सरकारी बाँकी सरह असुल उपर गर्न सहमति जनाउदछु ।

नाम थर :-

ठेगाना :- भीमफेदी गाउँपालिका

वडा नं.............

हस्ताक्षर

आज्ञाले,

चेतनाथ न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत